# लिखु पिके गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मितिः-२०७८/०२/०४

**सुचना! सुचना!! सुचना!!!**

### विषयः- विशेष सावधानी अपनाई सहयोग गरिदिनुहु।

प्रस्तुत विषयमा विश्वभरी विशेषगरि हाल दक्षिण यसियाली मित्रराष्ट्रहरु साथै हाम्रो देश भित्र फैलिरहेको कोरोना (कोभिड-१९) को नयाँ उत्परिवर्तित भाइरसको संक्रमणका कारण सयौं मानिसहरुले ज्यान गुमाइरहेको जानकारी सर्वविदितै छ। यसै सन्दर्भमा यस गाउँपालिका समेत यो माहामारीको उच्च जोखिममा रहेको कुरा केही समयदेखि देखिएका कोभिड-१९ का पोजिटिभ केशहरुले पुष्टी भईसकेको छ। तपाईं हामी यस भाईरसको संक्रमण तथा त्यसले पुर्याउन सक्ने क्षतिको विषयमा विगतको वर्षबाट नै जानकार छौं तथापी यो नयाँ उत्पपरिवर्तित भाईरस झनै खतरानक रहेको हुँदा हामी तपाईंलाई आ-आफ्नो ठाउँबाट अत्यन्तै संवेदनशिल भई आवश्यक संमयमता, सजगता र स्वास्थ्य मापदण्ड अपनाउन अनुरोध गर्दछौं। यहाँहरुबाट भएको सहयोग तथा यहाँहरुले देखाउनु भएको साहसले गत बर्ष हामी यसै रोग संग लड्न धेरै हदसम्म सफल भएको विषय जानकारी गराउँदछौं। यस विषम परिस्थितिलाई अत्यन्त गम्भिर रुपमा मनन गरि यस गाउँपलिका भित्रका एक वडा बाट अर्को वडा यस गाउँपालिका बाट अन्य स्थानमा अतिआवश्यकिय कार्यविना हिंडडुल गर्न, अनावश्यक जमघट नहुन अनुरोध गरिन्छ। यस गाउँपालिकाको कार्यालय तथा सबै वडाकार्यालयहरुबाट संवेदनशिल स्वास्थ्य अवस्था तथा मृत्यु संस्कारका मामिला बाहेकका अन्य कुनै प्रकारका आवतजावतका सवारी पास को सिफारिस नगरिने व्यहोरा सुचित गराईन्छ। जनस्वास्थ्य संकटको रुपमा देखिएको यस रोग विरुद्द अहोरात्र खटिनुहुने सम्पुर्ण निजामति कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगाएत सम्बन्धित सम्पुर्णले प्रदान गरिरहनुभएको सेवाको उच्च सम्मान गर्दै आम सर्वसाधारणमा यो सुचना गरिएको छ। यसै संक्रमणको बढ्दो जोखिमलाई मध्यनजर गर्दै गाउँपालिकाले स्वास्थ्य सम्बन्धि आवश्यक थप औषधी तथा उपकरणहरुको व्यवस्था गरिरहेको समेत जानकारी गराउँदछौं। यस रोगविरुद्ध लड्न राज्यका तिनै तहले अवलम्बन गरेका स्वास्थ्यका मापदण्ड सहित विशेष सावधानी अपनाई आफू र अरुलाई सहयोग गर्नुहुन पुन यसै सुचना मार्फत सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

यस विषयमा कुनै खालको असावधानी, हेलचेत्र्याँई, गैर जिम्मेवार बनेको पाईएमा संक्रामक रोग ऐन,२०२० तथा प्रचलित कानुनत कार्वाही समेत हुन सक्नेछ।

.............................
डम्बर बहादुर बस्नेत
अध्यक्ष